# शिव श्री हाइड्रोपावर लिमिटेड

काठमाण्डौं

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०६/०३)

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस शिव श्री हाइड्रोपावर लि.को मिति २०८०/०६/०२ मा बसेको संचालक समितिको बैठककोे निर्णयानुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा कम्पनीको आ.व. २०७५/०७६ देखि २०७८/०७९ सम्मको वार्षिक साधारण सभा बस्ने भएकोले उक्त साधारण सभामा उपस्थितीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :-**

**मिति :** २०८० साल आश्विन महिना २५ गते बिहीबार (तदनुसार Oct 12, 2023)
**स्थान :** यती इभेन्ट्स एण्ड कन्फेरेन्स सेन्टर, जेलिङ कम्प्लेक्स, बसुन्धारा, काठमाण्डौं
**समय :** बिहान ११:०० बजे

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूले पेश गर्नु हुने आ.व. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ र २०७८/०७९ को लेखापरिक्षण प्रतिवेदन सहितको सम्पूर्ण वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३. कम्पनी ऐनको दफा १११ बमोजिम आर्थिक वर्ष २०७९/०८० का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।
४. सञ्चालक समितिको निर्वाचन गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्ताव**

१. निम्न विषयका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरुमा नियामक निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा।
   अ) कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा।
   आ) नियमावलीमा हकप्रद शेयर निस्काशन गर्ने तथा हक हस्तान्तरण गर्ने व्यवस्था थप गर्ने सम्बन्धमा।
   इ) हाल कायम चुक्ता पूँजीको १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा।
   ई) प्रस्ताव नं. (इ) बमोजिम जारी गरिने हकप्रद शेयरको हदसम्म अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा।

**ग) विविध ।**

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०६/१७ (तदनुसार २०२३/१०/०४) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरीने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८०/०६/१७ (तदनुसार २०२३/१०/०४) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधीहरु सो सभामा भाग लिन योग्य रहनेछन्।
२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरीएको विवरण देखिने म्झबत ब्अअयगलत क्तबतभmभलत वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन।
३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला रहनेछ।
४. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्ने छ। सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरीसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधी मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्ट्रार कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरीएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्दछ।
५. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नुहुनेछ।
६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।
८. निर्वाचन र अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय का.म.न.पा. वडा नं. १०, काठमाण्डौं वा फोन ०१-४७९६३४६ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**